गढी गाउपालिका
गाउ कार्यपालिकाको कार्यालय
औरावनी,सुनसरी,प्रदेश नं १

## Section I: Invitation for Tender (बोलपत्रको लागि आवहान)

## प्रथम पटक प्रकाशित मिति २०७५/१२/०४

यस कार्यालयको आ.ब.०७५/७६ को तपसील बमोजिमको स्वीकृत कार्यक्रमहरू बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले इच्छुक निर्माण व्यवसायीहरूले निम्न शर्तहरूको अधिनमा रही बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगद बुझाई नगदी रसीद वा एन.आइ.सि. एसिया बैंक,दुहवी,सुनसरीमा रहेको यस गढी गाउपालिका, गाउ कार्यपालिकाको कार्यालयको खाता नं.A८CA५०२०००५२४००४ मा जम्मा गरेको **भौचर साथ निर्माण व्यवसायीले व्यवसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्रका र आ.ब.२०७४/०७५को कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्रको प्रमाणित** प्रतिलिपिहरू संलग्न राखी यस कार्यालय, औरावनी ,सुनसरी तथा www.gadhimun.gov.np बाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं (मिति २०७६/०१/०३ गते) दिन कार्यालय समय भित्र सम्म खरिद गर्न सकिनेछ ।

२. खरिद भएको वोलपत्र फारमहरूमा उल्लेख भएका सबै विवरण रितपूर्वक भरि वोलपत्र दाताले प्रत्येक पानामा सही छाप गरि कामको विवरण, वोलपत्रदाताको नाम, ठेगाना र फोन न. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप प्रथम पटक सूचना प्रकाशन भएको मिति ३१औं (मिति २०७६/०१/०४) दिनका दिन दिउसोको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

३. दर्ता भएका वोलपत्रहरू सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरू र वोलपत्र दाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । वोलपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि वोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

४. वोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

५. वोलपत्र फारमसाथ जमानत बापत तपसिलमा तोकिएको रकम एन.आइ.सि. एसिया बैंक,दुहवी,सुनसरी स्थित कार्यालयको धरौटी खाता नं. A८CA५०२०००५२४००३ मा रकम जम्मा गरि सक्कल बैंक भौचर वा नेपाल सरकारबाट बिड बण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त बैंकहरूबाट वोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट १२० दिन म्याद रहेको पेश गर्नु पर्ने छ ।

६. वोलपत्रदाताले वोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । वोलपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुवै स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठांउमा वोलपत्रदाताको सही छाप भएको हुनुपर्नेछ ।

७. यस गाउपालिकाको हितलाई ध्यान राखि कुनै जनाई वा नजनाई पुरा वा अंशिक रूपमा स्वीकृति गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका वोलपत्रहरू मान्य हुनेछैन ।

९. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने" सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा, स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४बमोजिम हुनेछ ।

११. यो सुचना सार्वजनिक खरिद अनुगमन कार्यालय र गढी गाउपालिका, गाउ कार्यपालिकाको कार्यालयको **website: www.gadhimun.gov.np** मा समेत राखिएको छ ।

१२. वोलपत्र स्वीकृत भएपछि परफरमेन्स बण्ड बापत वोलपत्र दाताले कबोल गरेको अंकको नियमानुसार हुने रकम यसै सूचनाको बुदा नं.५ मा उल्लेखित खातामा नगद जम्मा गरेको सक्कल बैकभौचर वा यस कार्यालयका पक्षमा न्यूनतम कार्यसम्पन्न गर्नुपर्ने अवधि भन्दा कम्तीमा १३ महिना बढीको म्याद राखि जारी गरेको बैंक जमानी पत्र पेश गर्नुपर्ने छ ।

१३. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेशन अनुसार हुनुपर्नेछ । वोलपत्र दाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ ।

## तपसिल

| सि.न | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (भ्याट र कन्टिन्जेन्सी बाहेक) | वोलपत्र जमानत रकम रू.मा | वोलपत्र फारम दस्तुर रकम रू.मा |
|---|---|---|---|---|---|
| १. | १०/०७५/०७६ | गढी वडा नं.४,कृषि बाटो देखि रामकिसुन साहको घर हुदै फौदारथान जोड्ने सडक माटो पुरी ग्राभेल गर्ने कार्य । | ४३,१०,८९१।०८ | १,०८,०००।०० | ३,०००।०० |
| २. | ११/०७५/०७६ | भमरी स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टरको लागि भवन निर्माण | ३६,३७,६८३।५३ | ९१,०००।०० | ३,०००।०० |
| ३. | १२/०७५/०७६ | मधेली स्वास्थ्य चौकी कम्पाउण्डवाल तथा कम्पाउण्डवाल गेट निर्माण | १८,१८,५६९।१५ | ४६,०००।०० | ३,०००।०० |

प्रमुख प्रशासकीय अधिकृत